# वैद्य माओवादीले ‘वैदेशिक हस्तक्षेप’ को आँचल थापेर बहुमत किन नल्याउने ? - सूर्यप्रसाद श्रेष्ठ



प्रमुख निर्वाचन आयुक्त बनेर नेपालका चार राष्ट्रिय निर्वाचन सम्पन्न गर्ने व्यक्तिको नाम हो सूर्यप्रसाद श्रेष्ठ । आजका प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको दक्षता नियाल्दै आयोगमा प्रवेश गराउने व्यक्तिको नाम पनि सूर्यप्रसाद श्रेष्ठ नै हो । देशव्यापी रुपमा १० हजार पर्यवेक्षकलाई परिचालन गर्दैआगामी मंसिर ४ मा हुने संविधानसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न तयार राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को नेतृत्व गरिरहेका व्यक्तिको नाम पनि सूर्यप्रसाद श्रेष्ठ नै हो ।

नेपाल सरकारका सचिव र बेलायतका लागि नेपाली राजदूतसमेत भएरअनुभव हासिल गरिसकेका व्यक्तिको उचाइको मापन संविधानसभाको पहिलो निर्वाचनमै पनि भइसकेको छ । श्रेष्ठले नेतृत्व गरेको नियोकबाट भएको निर्वाचन पर्यवेक्षणले सर्वपक्षीय समर्थन पाउनु त्यसकै उदाहरण हो । श्रेष्ठको लामोअनुभवका कारण संक्रमणकाल भोगिरहेको नेपाली राजनीतिक अवस्था, निर्धन बन्दै गएको मुलुक र मुलुकवासीलाई बेवास्ता गर्दै दलीय स्वार्थमा मात्र लिप्त भएका राजनीतिक दलको विश्लेषण र निर्वाचनका जटिलताका विषयमा उहाँको दृष्टिकोण सटीक र सामयिक हुने ठहर गर्दै इनेपाली खबरका लागि कपिल काफ्ले र रमेश दुलालले ललितपुरको कुपण्डोलस्थित नियोकको कार्यालयमा लिएको अन्तर्वार्ता:

- नियोकले निर्वाचनलाई मर्यादित बनाउन कस्तो तयारी गरेको छ?
  नियोकको संयोजकत्वमा २०४८ सालदेखिको निर्वाचनमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षकले निर्वाचनको पर्यवेक्षण गर्दैआएका छन् । नियोकको परिचय स्वतन्त्र छ । कुनै दलसँग आस्थाराख्ने पर्यवेक्षक हुनसक्छन्, तर त्यस प्रकारको आस्था देखाउने व्यक्तिलाई नियोकले सहभागी बनाउँदैन । दलको कार्यकर्ताका लागि अन्यत्रै भूमिका होला, नियोकमा छैन । पारदर्शी आचरण, उच्च इमान्दारी र जनताको मतदानको अधिकारलाई पूजा गर्ने व्यक्ति नै नियोकमा संगठित छन् । यस प्रकारका व्यक्तिको चयन नियोकको पहिलो तयारी हो जसको बलमा हामी निर्वाचनपूर्व, निर्वाचन काल र

निर्वाचनपश्चातको अवस्थामा पनि ठीक तरिकाले पर्यवेक्षण गर्नसक्छौं । हामीसँग अनुभवले खारिएका व्यक्तिहरु छन्, लोकतान्त्रिक मूल्य–मान्यताको कडीका रुपमा रहेको मतदानको जनाधिकारका लागि पहरेदार बनेर काम गर्न १० हजार सदस्य तत्पर छन् । यही नै हाम्रो तयारी हो जसप्रति म पूर्णरुपले विश्वस्त पनि छु ।

- संविधानसभाको पहिलो निर्वाचनमा नियोकको जुन तयारी थियोत्यससँग दाँजेर भन्नुपर्दा अहिलेको तयारी कस्तो छ ?

यस पटक निर्वाचनपूर्वको हाम्रो पर्यवेक्षण अझ बढी सक्रियतापूर्ण हुनपुग्यो । हामी मतदाता नामावली संकलनको क्रमदेखि नै सहभागी भएका छौं । अनेक चुनौतीका बाबजुत नामावली संकलन र मतदाताको तस्वीरसहितको परिचयपत्र बनेको छ, यो आफैमा ठूलो उपलब्धि हो । यसका लागि हामीले नामावाली संकलन कार्यदेखि पछ्याइरहेका छौं । निर्वाचनका सवालमा नीति र सिद्धान्त निर्माणदेखि नै हामीले अनुगमन गरेका छौं । निर्वाचनमा शुद्धीकरण ल्याउन नीतिगत शुद्धताको खाँचो पर्दछ, त्यसमा हामीले अनुगमन मात्र गरेनौं, सचेत नागरिकको भूमिका निर्वाह गर्दै जनमत बनाउने, पैरवी गर्ने र लोकतान्त्रिक मूल्यमान्यताको रक्षाका लागि दबाब दिने काम पनि गर्यौं । हामीले राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका सदस्यहरु तथा अन्य पर्यवेक्षक समूहहरुसँग मिलेर आसन्न निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र तटस्थ रुपले सम्पन्न गराउनका लागि चरणवद्ध रुपमा छलफल र विचार विमर्श पनि जारी राखेका छौं ।

- नीतिगत शुद्धता र त्यसको असरका बारेमा उदाहरणका साथ प्रष्ट पारिदिनुस् न?

लामो समयसम्म निर्वाचन आयुक्तको पद खालि रह्यो, यो नीतिगत कमजोरी हो । निर्वाचनका प्रावधान उल्लंघन गर्दै जाने अनि कुरा भने लोकतन्त्रको गर्ने, यो कहाँ मिल्ने कुरा हो ? यीआदि सैद्धान्तिक चुनौती देखिए जसको निराकरणका लागि हामीले जनमत बनाउन, सरकार र दललाई दबाब दिन पैरवी गर्नुपर्यो ।

- विगतका निर्वाचनभन्दा मंसिर ४ को निर्वाचन के कारणले विशेष होला?

विगतका निर्वाचनमा एक व्यक्तिले धेरैै पटक मतदान गरेको सुन्नमा आयो । निर्वाचनमा व्यक्तिको एक मतले धेरै फरक पार्ने गर्दछ । त्यसैले मतदान गर्ने उमेर पुगेका सबै नागरिकले मतदान गर्न नछुटुन् भनेर फोटो सहितको मतदाता नामावली संकलन गर्ने कार्य सुरु गरिएको हो । यसको फाइदा के छ भने सम्बन्धित व्यक्तिबाहेक अरुको नाममा मतदान हुनसक्ने सम्भावना रहन्न । विगतका निर्वाचनमा विदेशी नागरिकले पनि मतदान गरे भन्ने कुरा छ त्यसको समाधानका लागि पनि फोटो सहितको मतदाता परिचयपत्र सटीक समाधान हुनेछ । धाँधलीको सम्भावना घट्ने पूर्वाधार तयार भएको छ । त्यस्तै, मतदाता सूची संकलनका क्रममा ठाउँ–ठाउँमा अवरोध उत्पन्न भएपनि मतदाता यसको तयारी भएको छ । सको उद्देश्य नै कुनै नागरिक मतदानबाट नछुटुन् तथा कुनै अनागरिकले मतदान गर्न नपाउन् भन्नेनै हो । मतदानको अधिकारको सदुपयोग गर्ने दृष्टिले यस पटकको निर्वाचन ऐतिहासिक हुनेछ ।

- फोटो सहितको मतदाता नामावली संकलनका क्रममा सबै नागरिकलाई समेटियो त?
  विभिन्न कारणले करिव ४० लाख नागरिक छुटेका छन् । उनीहरु बोनाफाइड नेपाली नागरिक हुन् तर मतदाता सूचीमा उनीहरुको नाम छैन । कोही विदेशमा रहेका र कोही अन्य कारणले सूचीकृत हुनबाट बञ्चित भए । समावेश गर्नका लागि हामीले सक्दो प्रयास गरेका हौं तर यो लगभग अनिश्चितजस्तै भएको छ ।

- निर्वाचन आचारसंहिता बन्ने क्रममा केही महिनाअघि तपाईंले भन्नुभएको थियो, 'आचारसंहिता कार्यान्वयन गर्ने निकाय राजनीतिक दलहरुभएकाले उनीहरुलाई सहज हुनेगरी आचारसंहिता जारी गर्नुपर्छ । यद्यपि आचार संहिताको कार्यान्वयनका लागि भने निर्वाचन आयोगले कुनै सम्झौता गर्नुहुन्न ।' निर्वाचनका सन्दर्भमा लागु गरिएको आचारसंहिताप्रति दलहरु कत्तिको इमान्दार देख्दै हुनुहुन्छ ?
  निर्वाचन आचारसंहिता कानुनी रुपमा मात्र हुने होइन । यो त राजनीतिक दलहरु यसप्रति कत्तिको इमान्दार रहन्छन् भन्नेमा भर पर्दछ । निष्पक्ष निर्वाचनको मुख्य आधार भनेकै सरकार, राजनीतिक पार्टी, उम्मेदवार तथा मतदाता सबैले पूर्ण रुपमा कान्र्यानवयन हो । आचारसंहिता पालना गर्नु निर्वाचनसँग सम्बन्धित सबैको दायित्व हो । मतदान केन्द्र राजनीतिक दलले कुनै किसिमको अराजक परिस्थिति आउन दिदैनौं भन्ने विश्वास दिलाउन सक्नुपर्दछ । सञ्चारमाध्यमले पनि कुनै विशेष राजनीतिक दलको पछि लाग्नुहुँदैन । साथै, कर्मचारी तथा राजनीतिक दलले पनि सहयोग गर्नुपर्दछ । हाम्रो देशमा सबैतिर अस्तव्यस्तता रहेको छ । कुनै पार्टीले भित्रभित्रै पैसाको खेलमा आचारसंहिता उल्लंघन गर्नसक्छ । यस्तो अवस्थामा आचारसंहिताको पालना पूर्ण रुपमा हुन्छ भन्नसकिन्न ।

- सञ्चारमाध्यमले कत्तिको इमान्दारी देखाइरहेको देख्नुहुन्छ?
  सञ्चारमाध्यममा राजनीतिक दलको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्नता रहँदै आएको छ । कति मिडिया त पार्टीकै लगानीमा चलेका छन् भनिन्छ । पत्रकार दलकै कार्यकर्ता नभएपनि उनीहरुको संलग्नता राजनीतिक दलसँग देखिन्छ । सञ्चाचारमाध्यमहरु पर्टीले लिएको सिद्धान्तका कारण पनि झुकाव राख्ने किसिमका हुनसक्छन् । यस्तो अवस्थामा सञ्चारमाध्यमले पनि आचारसंहिता उल्लंघन नगर्लान् भन्न सकिन्न । निष्पक्ष रुपमा आचारसंहिताको पालना गर्नेहरुको संख्या सानो देखिएको पुरानो अनुभव रहेतापनि यस चार–पाँच वर्षमा नेपाली प्रेसमा ठूलो परिपक्वता आएको मैले देखेको छु । निर्वाचन आचारसंहिता पालना गर्ने प्रेसको संख्या बढ्ने मात्र होइन, उनीहरुले आचारसंहिता उल्लंघन गर्ने समूहलाई पनि खबरदारी गर्नेछन् ।

- पर्यवक्षकहरुको सवालमा के भन्नुहुन्छ नि ? उनीहरु पनि दलका एजेण्ट बनेर काम गरेको विगतमा देखियो ?

मैले अघि पनि भनिसकें, पर्यवक्षकहरु चयन गर्दानै स्वतन्त्र व्यक्तिको छनोट गरिनु आवश्यक छ । तरपनि कुनै एकाध व्यक्तिबाट भएको कमजोरीलाई लिएर सबै पर्यवेक्षकलाई दोष दिनु जायज होइन । यस अर्थमा सबै पर्यवक्षकले पनि पूर्णरुपमा आचारसंहिता प्रयोग गर्दछन भन्ने छैन । यसमा नागरिक समाजले पनि खबरदारी गर्नुपर्छ ।

वितगका निर्वाचनमा अदक्ष पर्यवेक्षकलाई पनि अनुमति दिइएको देखियो, यस पटक पनि त्यही क्रम दोहोरियो भन्ने गुनासो छ । ५१ संस्थाका ७४ हजार २ सय ४७ पर्यवेक्षकले यस पटक निर्वाचन पर्यवेक्षण गर्दैछन्, कसरी सम्हाल्ने ?

सबैका बारेमा म भन्न सक्तिनँ । पर्यवेक्षणको अनुमति पाएका कतिपय संस्थाका बारेमा मैले पनि अस्पष्टता पाएको छु । तर काम नहेरी हतार गरेर केही भन्नु बुद्धिमानी हुन्न । विगतको अनुभवबाट पाठ सिक्दै निर्वाचन आयोगले सबै पक्षमा ध्यान दिएर नै पर्यवेक्षणको अनुमति दिएको होला भन्ने मलाई लागेको छ ।

- पर्यवेक्षनका सवालमा कार्टर फाउण्डेसन सधैं चर्चित रहन्छ नि?

  कार्टर फाउण्डेसन पनि हामीजस्तै पर्यवेक्षक हो, नेपालमा अन्य दाताले गरेको सहयोगको आधारमा उनीहरु नेपालमा पर्यवेक्षण गर्दछन् । पर्यवक्षकका रुपमा यसमा केही निश्चित क्षेत्रहरु हुने गर्दछन । जस्तै मतदाताले निर्धक्क मत दिन सके या सकेनन्, कुल मतदातामध्ये कति प्रतिशत भोट खस्योजस्ता कुरामा आधारित रहेर सबैले प्रतिवेदन दिने हो । संविधानसभाको पहिलो निर्वाचनमा उसले प्रारम्भिक प्रतिवेदन हतारमा दियो, केही आलोचना पनि भयो । तर जहाँसम्म चर्चाको कुरा छ, अमेरिकी पूर्वराष्ट्रपतिका नाममा खुलेको संस्था, त्यसमाथि उनी आफै सक्रिय छन् । त्यसले पनि चर्चा पाएको हुनुपर्छ ।

- नियोकले परिचालन गर्ने १० हजार पर्यवक्षक कसरी छनोट हुन्छन्?

  मानव अधिकारका क्षेत्रमा कार्यरत, दलीय राजनीतिका दृष्टिले तटस्थ सामाजिक संघसंस्था, पेशागत व्यक्ति, कानुनविद, प्राज्ञिक लगायतका क्षेत्रमा कार्यरत इच्छुक व्यक्तिलाई नियोकले निर्वाचन पर्यवेक्षणका लागि आमन्त्रण गर्दछ । जिल्ला तथा क्षेत्रमा पर्यवेक्षकहरु स्थानीय व्यक्ति नै हुन्छन् । त्यसमध्ये २५ प्रतिशत पर्यवेक्षक सबै निर्वाचन कार्यक्रमको अनुगनमन गर्नेगरी दीर्घकालका लागि नै नियुक्त हुन्छन् ।

- नेकपा– माओवादी नेतृत्वको मोर्चाका कारण निर्वाचन हुनेमा जनताप्रति अझै आशंका छ नि?

  विरोध पनि एउटा सिस्टममा गर्नुपर्दछ । राजनीतिक दल भएपछि जिम्मेवार पनि हुनुपर्दछ । भौतिक कारवाही गर्ने लगायतका धम्कीका कारण माओवादी अलोकप्रिय हुंदै गएको छ । उनीहरुलाई निर्वाचनमा सहभागी गराउन वास्तवमा संस्थापन पक्षले ठूलो प्रयास गरेकै हो । संबिधानसभाको अवसान हुँदादेखि नै माओवादीले वैदेशिक हस्तक्षेप विरुद्ध आवाज उठायो । वास्तवमा माओवादीले उठाएको मुद्दा बौद्धिक सर्कलका लागि सकारात्मक थियो । देशभक्तिको

उसको मुद्दाले संविधानसभामा बहुमत पनि ल्याउनसक्थ्यो । उसको सरकार नै बन्नसक्थ्यो । तर उसको माग निर्वाचनलाई नै बाधा पुग्ने किसिमको रह्यो । यसले गर्दा उसको लोकप्रियता घट्यो कि भन्ने भान हुन्छ । वास्तवमा निर्वाचनबाहेक अर्को कुनै माध्यमबाट पनि कसको साथमा जनता छन्, कुन विचारका पक्षमा छन् भन्ने जानकारी हुनसक्तैन । निर्वाचनजस्तो जनअधिकारको विरोधमा खडा हुनु त्यसमा पनि उम्मेदवार र मतदातालाई भौतिक कारबाहीको धम्की दिनु केबल हिंसा हो । विरोधको निश्चित प्रक्रिया, प्रणाली हुन्छ, त्यसलाई उल्लंघन गरेर उसले ठूलो अवसर गुमाएको छ । वैद्य माओवादीले 'वैदेशिक हस्तक्षेप' को आँचल थापेर निर्वाचनमा बहुमत किन नल्याउने ?

वैद्य माओवादीले उठाएका एजेन्डा सही हुन् भनेर सावित गर्ने आधार पनि निर्वाचन नै हो । निर्वाचनमा सहभागी भएर अघि बढ्नुको विकल्प छैन । अझै पनि मेरो आग्रह माओवादीले निर्वाचनमा सहभागी भएरै अघि बढ्नुपर्छ भन्ने नै हो । समय अझै छ, निर्वाचनमा आएर जित्नुहोस् । मूल्यांकन गर्ने जिम्मा जनताको हो । तपाईंका एजेण्डा सही छन्, जनताले अवश्य साथ दिनेछन् ।

- चार प्रमुख दलले पर्याप्त इमान्दारी देखाएनन् कि वैद्य माओवादीलाई निर्वाचनमा ल्याउन? फकाउन नसकेको हो कि ?

नेकपा–माओवादी बच्चा त होइन नि फकाउनलाई । सम्पूर्ण राजनीतिक, सामाजिक अवस्था शिथिल रहेको अवस्थामा पनि नफकिने कस्तो हठ हो त्यो ! सबैको माग निर्वाचननै भएकाले माओवादीले सो भावनाको कदर गर्नुपर्दथ्यो ।

- निर्वाचनमा सेना परिचालनको विषयमा शंका उपशंका रहेको छ नि?

निर्वाचनमा सेना परिचालन गरिने कुरालाई सबैले नकारात्मक रुपमा प्रचार गरे, तर त्यो गलत हो । निर्वाचन भइरहेको समयमा कुनै अकल्पनीय घटना घटेको खण्डमा मात्र सेना परिचालित हुन्छ, अन्यथा उसले मतदातालाई मनोवैज्ञानिक रुपमा सुरक्षाको अनुभूति मात्र गर्दछ । 'ल बाहिरी घेरामा सेना पनि छ, ढुक्कले मतदान गरौं' भन्ने भावनाको विकास हुन्छ । मुडभेडका लागि सेना परिचालन गरियो भनेर भ्रम सिर्जना गर्नखोज्नु मुर्खता हो ।

- वैद्य माओवादी त वैदेशिक हस्तक्षेपको इशारामा निर्वाचन हुन लागिरहेको हो यसको बहिस्कार गरौं भन्दै छ, के चुनाब होला त ?

चुनाब हुँदैन कि भनेर सोच्नु अर्को मुर्खता हो । एकदम वाहियात कुरा ! याबत समस्याको समाधानको आधार नै निर्वाचन हो, जसको अर्को कुनै विकल्प नै छैन । तर पनि चुनाब हुदैन भन्नु र हुन नदिनु पाप हो । रह्यो हस्तक्षेपको कुरा, यो दृष्टिदोष मात्र हो । किनभने केलाई हस्तक्षेप भन्ने ? आपूmलाई फाइदा भए त्यही काम वैदेशिक सहयोग हुने, बेफाइदा भए त्यही काम विदेशी हस्तक्षेप ! दिल्लीमा बसेर उनीहरुकै सहजीकरणमा बाह« बुँदे सम्झौता गर्दा हस्तक्षेप भएन, सरकार आपूm सहभागी हुन पाएको भए, निर्वाचनको मिति सारिएको भए यही निर्वाचनमा वैदेशिक

हस्तक्षेप नहुने– के अब पनि नेपाली जनतालाई बुद्धु ठानेको हो ? यो जुँगाको लडाइँ मात्र हो भनेर नागरिकले बुझेका छैनन् र !
नेपाली राजनीतिज्ञहरुले विगतदेखि नै जनतालाई झुक्याउन ‘वैदेशिक हस्तक्षेप’ लाई गोटी बनाएका छन् । जुनसुकै दलको एउटै शैली हो । राजा त्रिभुवन भागेर दिल्ली जाँदा विदेशी हस्तक्षेप नहुने, राजनीतिक दलका कुन नेताले दिल्लीलाई दाहिना पार्न चाकडी बजाएको छैन– अहिले आएर आफ्नो स्वार्थका लागि नेकपा– माओवादीले मुलुकलाई अनिर्णयको बन्दी बनाउन मिल्छ !

- अन्त्यमा केही भन्नुहुन्छ कि ?
  संविधानसभाको निर्वाचन ठूलो राष्ट्रिय अभियान हो । दुर्भाग्यवस हामीले दोस्रो निर्वाचन गर्नुपरेको छ– पहिलो संविधानसभाले लक्ष्य हासिल गर्न नसकेका कारण । निर्वाचनका पद्धति र यसका प्रणालीमा कुनै हस्तक्षेप नभईकन निर्वाचन सफल होस् । राजनीतिक दलहरु निर्वाचन सफल पार्न सहयोग गर्नुहोस्, जनताको राष्ट्रिय अस्तित्व बचाउनका लागि संबिधान तयार पार्न अग्रसर हुनुहोस् । शान्तिपूर्ण निर्वाचनले विगतमा भएका राजनीतिक तिक्ततालाई मेलमिलापमा परिवर्तन गर्न सहयोग

*- See more at: http://www.enepalikhabar.com/interview/2013/09/10804#sthash.CqI32LOw.dpuf*